जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ 

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० | अंक ७२ | २०७७ साल असोज २४ गते शनिबार (10 Oct. 2020 Saturday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिवाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : प्रतिकूलताबीच नेपाली ... ३ पृष्ठमा : सङ्क्रमण समुदायमा ... ३ पृष्ठमा : भारतका केन्द्रीय मन्त्री ...

## बजार अनुगमन तिब्र, टोलीलाई देख्ने बित्तिकै अधिकांश पसल बन्द



**दैनिक समाचारदाता**
**राजविराज, २३ असोज ।**

संयुक्त बजार अनुमगन टोलीले शुक्रबार राजविराजको विभिन्न किराना पसलमा अनुगमन गरि बिक्रि बितरणका लागि राखिएका अयोग्य बस्तु तथा खाद्य पदार्थ नियन्त्रणमा लिएको छ ।

स्थानिय बजारमा म्याद गुज्रिएका अखाद्यय बस्तु खुल्ला बिक्रि बितरण भइरहेको जनगुनासो आएपछि केही दिनयता बजार अनुगमनलाई तिब्रता दिइएको हो । सहायक प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेको नेतृत्वमा खटिएको संयुक्त अनुगमन टोलीमा खाद्य प्रविधी तथा गुण नियन्त्रण डिभिजन कार्यालयका प्रमुख सुरेश सिंह, घरेलु तथा साना उद्योग कार्यालयका प्रतिनिधि नेत्र बास्तोला, उपभोक्ता मञ्चका जिल्ला अध्यक्ष राजकुमार गुप्ता, नयायिक उपभोक्ता मञ्चका अध्यक्ष रामकुमार यादवका साथै उद्योग बाणिज्य संघका प्रतिनिधि तथा संचारकर्मीहरु सहभागि छन् ।

यसअघि बिहीबार सोही टोलीद्वारा मदिरा पसलहरुमा अनुगमन गरिएको थियो । म्याद गुज्रिएका टुबोर्ग र किंगफिसर कम्पनीका क्यान र बियरका बोतलहरु नियन्यत्रणमा लिई नष्ट गरिएको थियो ।

म्याद गुज्रिएका तथा अखाद्यय बस्तुको बिक्रि बितरण गरेको फेरी पाइए कानुन बमोजिम कारवाही गरिने चेतावनीसहित एक पटक सम्झाएर छाडिने गरिएको उपभोक्ता मञ्चका अध्यक्ष राजकुमार गुप्ताले बताए ।

अनुगमनसँगै टोलीले ब्यापारीलाई उपभोक्ता मारमा नपर्ने गरि व्यापार गर्न सुझाव समेत दिने गरेको सहायक प्रमुख जिल्ला अधिकारी घिमिरेले बताए ।

अनुगमन टोली बजार घुम्दै गरेको सुइको पाएपछि स्थानिय कतिपय व्यापारी धमाधम पसल बन्द गरेर निस्केका थिए ।

## सात लाख बढी मुल्य बराबरको प्याज बरामद



**दैनिक समाचारदाता**
**राजविराज, २३ असोज ।**

सप्तरी प्रहरीले जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १४ रम्पुरा मल्हनियाबाट भन्सार छलेर भारतबाट नेपालतर्फ ल्याउँदै गरेको ३ हजार किलो प्याज नियन्त्रणमा लिएको छ ।

भारतबाट नेपालतर्फ भन्सार छलेर स.१ त.५८२१ न.को ट्याक्टरमा लोड गरि ल्याउँदै गरेको ७ लाख १० हजार मुल्य बराबरको प्याज नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

बिशेष सुराकीको आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट प्रहरी टोली उक्त स्थानमा खटी

***बाँकी अन्तिम पृष्ठमा***

## सप्तरीका डिएसपीसहित पाँच जना कोरोना संक्रमित




**दैनिक समाचारदाता**
**राजविराज, २३ असोज ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपीसहित पाँच जनामा शुक्रबार कोभिड १९ संक्रमण पुष्टि भएको छ ।

अघिल्लो दिन पिसिआर परिक्षणका लागि स्वाव दिएका डिएसपीको शुक्रबार रिपोर्ट पोजेटिभ आएको हो । डिएसपीले परिक्षणसँगै आफू होमआइसोलेशनमा बसेको र स्वास्थ्य अवस्था सामान्य रहेको बताएका छन् ।

यसअघि जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरिक्षक र तत्कालिन डिएसपीमा पनि कोरोना संक्रमण पुष्टि भएको थियो । यद्दपी दुबै जना कोरोना मुक्त भई आ-आफ्नो कार्यक्षेत्रमा खटिएका छन् ।

यस्तै शुक्रबारै राजविराज नगरपालिकाका एक महिला र दुई पुरुष तथा सुरुङ्गा नगरपालिकाका एक पुरुषमा पनि कोरोना संक्रमणको पुष्टि भएको छ ।

योसँगै जिल्लामा कोरोना संक्रमणबाट ज्यान गुमाउनेको संख्या १९ र संक्रमतिको संख्या १ हजार ३ सय ६१ पुगेको छ ।

**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**



ज्वरो
(१००.४°F भन्दा माथि)



श्वास प्रश्वासमा अत्याधिक समस्या



रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।



खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।



फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।



जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।



पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# कोरोनाको मार सबैभन्दा बढी अनौपचारिक क्षेत्रमा : विश्व बैंक

काठमाडौँ, २३ असोज (रासस)।

विश्व बैंकको पछिल्लो दक्षिण एशियास्तरीय आर्थिक प्रतिवेदनका अनुसार कोरोना नियन्त्रणका लागि गरिएको लकडाउनले आर्थिक गतिविधिमा नराम्रो असर परेको जनाएको छ।

प्रतिवेदनमा विशेषगरी पर्यटन क्षेत्रमा पुगेको अवरोधका कारण सन् २०२० मा ०.२ प्रतिशत रहेको नेपालको आर्थिक वृद्धिदर सन् २०२१ मा मात्रै ०.६ प्रतिशत पुग्ने अनुमान गरिएको छ।

बैंकले बिहीबार सार्वजनिक गरेको अर्धवार्षिक अपडेट अनुसार महामारीको विनाशकारी असर जारी रहेका कारण दक्षिण एशियामा यस वर्ष हालसम्मकै सुक्ष्म मन्दीमा डुबेका छ। जसका कारण अनौपचारिक क्षेत्रका कामदार सबैभन्दा बढी मारमा परेका छन् भने लाखौं दक्षिण एशियाली नागरिक चरम गरिबीमा धकेलिँदै गएको छ।

पछिल्ला पाँच वर्षहरूमा लगातार वार्षिक ६ प्रतिशतको हाराहारीमा रहेको दक्षिण एसियाको आर्थिक सङ्कुचन दर सन् २०२० मा ७.७ प्रतिशतले सङ्कुचित हुने आकलनसहित यो प्रतिवेदनले दक्षिण एशियाभरि अपेक्षा गरिएको भन्दा निकै तीव्र आर्थिक गिरावट हुने प्रक्षेपण गरेको छ। सन् २०२१ मा क्षेत्रीय वृद्धि ४.५ रहने अनुमान छ।

जनसंख्या वृद्धिको अनुपात हेर्दा यस क्षेत्रको प्रतिव्यक्ति आय सन् २०१९ मा अनुमान गरिएभन्दा ६ प्रतिशतले कम रहनेछ। अबको समयमा हासिल गरिने आर्थिक वृद्धिले पनि विद्यमान महामारीको स्थायी आर्थिक क्षतिलाई परिपूर्ति नगर्ने विश्व बैंकको प्रतिवेदनमा उल्लेख छ।

यस महामारीले अर्थतन्त्रमा पारेको प्रभाव र त्यसले नेपालभरिका मानिसको जीविकोपार्जनमा पारेको असरले अनौपचारिक कामदार वा सामाजिक सुरक्षा र सहायतामा समेटिएका मानिसलाई सबैभन्दा बढी गम्भीर असर पर्ने तथा उनीहरु चरम गरिबीमा धकेलिन सक्ने सम्भावना रहेको माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद जर्भोसले जानकारी दिनुभयो।

*बाँकी तीन पृष्ठमा*


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. दिनेश उप्रेती**

**Dr. Dinesh Upreti**

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

**कन्सलटेन्ट फिजिसियन**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. पारसमणि शाह**

**Dr. Parasmani Shah**

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

**दुखाई विशेषज्ञ**

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# प्रतिकूलताबीच नेपाली महिलाको जीवन



**मौसमी कुमारी कुशवाहा**

पुरातन युगदेखि नारीलाई देवी मानिदै आइएको छ। यो सृष्टिको सुरुवात नै नारीबाट भएको कुरा नकार्न सकिदैन। नारी एक माया जाल हो, एकातर्फ नारी अर्को तर्फ सम्पूर्ण सृष्टिको मायाजाल भन्यो भने जहिले नारी तिर नै औँला तेर्सिन्छ। हाम्रो हिन्दु धर्मशास्त्रअनुसार पनि नारी बारेमा अनेकौं व्याख्या गरिएको छ। जस्तै *"त्रिया चरित्रं,पुरुषस्य भाग्यम, देवौ ना जानाति कुतो मनुष्य:"*भनाईको तार्त्पय एउटा नारीको चाल र चरित्रको बारेमा अहिलेसम्म भगवान पनि भेउ पाउन सकेका छैन्। सामान्य पुरुषले के अडकल काट्न सक्छ त! नारीलाई लक्ष्मण रेखा भनिन्छ। किनकी त्रेता युगमा कोरेको रेखालाई माता सीताबाहेक कोहि थिएन जो त्यो रेखा पार गर्न सकोस्। अर्थात नारीले चाहयो भने जस्तो परिवर्तन पनि गराउन सक्छिन्। घरदेखि लिएर राष्ट्र लगायत विश्वसम्म !

हाम्रो देशमा शुक्रबारसम्म महिलाहरुले प्रतिकूलताबीच जीवन बाँचेको छ। कहिलेकाहीँ प्रतिकूलताबीच उन्नति भएको उदाहरण हेर्न मिल्छ। यस्तै एउटा उदाहरण हो, इग्ल्याण्डको सुप्रसिद्ध नाटककार विलियम सेक्सपियर। सानै उमेरमा आर्थिक समस्या कमजोर भएका कारण काम र मामको खोजीमा इग्ल्याण्ड जानु भयो र रङ्शालामा काम गर्दागर्दै नाटक लेख्न थाले पछि विश्वकै महान दुखान्त नाटककारको रुपमा चिनिुभयो। यस्ता कति उदाहरण छन् जो प्रतिकूलताबाट अनुकुलतामा परिणत भएको छ। त्यसकारण अब समय आइसके छ देशको लागि केहि गर्ने।

वर्तमान समय २१ औँ शताब्दीमा हेर्ने हो भने हरेक घरमा महिलाको वर्चस्व बढी रहेको छ। बाहिर समाज पुरुष प्रधान लागे पनि भित्रबाट खोक्रो नारीको फरिया चियाउने हाम्रो समाज हो। आफ्नो घरमा स्याउति मार्दै हिड्ने बिरालो बाहिर सिंहको खोल ओढेर सिंहको नाटक गर्ने युग पुरुषहरु कहलाएका छन्। हाम्रो देशको जसको हालत हो त्यको अधिकांश जिम्मेवार महिलाहरु रहेका छन्। महिलाहरु जुन अधिकार र वर्चस्व बुढामाथि आफ्नो घरभित्र राखेको छ त्यो सिमित नराखी त्यसलाई घर बाहिरको व्यवहारमा पनि उतारुन् भन्ने कुरामा कहिल्यै ध्यान पुऱ्याएन। हामी नेपाली महिला कस्ता छौँ भने, अरुको श्रीमान, छोरा गल्ती गरे हाई हाई छि: छि: र आफ्नो श्रीमान, छोरा गऱ्यो भने वाह ! वाह ! र कुरा लुकाउने प्रवृति छ। यस्ता एक अर्काको व्यवहारले देशमा रुढीवादी बलात्कार, दुर्व्यवहार, भ्रष्टचार जस्ता अनेकौं विकृति फैलिएको छ।

एउटा अर्को घटना हो जसबाट म पटक पटक ग्रसित भएकी छु। म स्नातकोत्तर अध्ययनको क्रममा हेटौँडा कलेजमा कयौं पटक नेपाली हुनुको प्रमाण दिनुपरेको छ। तिमी त भारतीय ! कसरी नागरिकता लियौँ ? यहाँसम्म कसरी आयौँ ? यी प्रश्नको शिकार म लगायत जस्ता हजारौँ मधेशी भोग्दै आएको छौ। पुस्तौँदेखि भारतीय भनेर हेपिएको, भारतीयसँग अनुहार मिल्ने भए हामी भारतीय हो भने तिमीहरु को हौँ ? मधेशीलाई बिहारी भन्नेहरु त्यसो भए त तिमीहरु त सिधैँ चाइनिज भयौँ। किनकी तिमीहरुको अनुहार चेप्टो, चम्सिो आँखा भएकाहरु नेपाली कसरी भयौँ ? यो कस्तो दोहोरो कुरा ? यस्ता नीच सोच र देशद्रोही कुराबाट माथि उठौँ र देशको विकास उन्नतिको कुरा गरौँ।

नेपाली महिलाहरुलाई मात्र पैसा चाहियो, रु १ लाख बीस हजारको आईफोन, २५ हजारको सारी, १ लाखको सुनपोतो लाएर पनि सोचेभैंm जिन्दगी रैनछ, गीत घन्काउँदै हिंडेको हुन्छ ! त्यति खर्च बुढाले दिएको छ, एता बुढि घरमा मखख परेर छरछिमेकमा चहलपहल जमाउँछ। तर त्यति पैसा श्रीमान कहाँबाट ल्यायो ? कसरी जोड्यो ? कुनै सोध खोज छैन, आफ्नो खुनपसिना सुकाएर ल्यायो की अरुको खुन बहाएर ल्यायो, की जल्दो चिम्नीमा गरिबलाई पोलेर ल्यायो, की कोही गरिब नेपाली चेलीलाई वेश्यालयमा बेचेर, की नेपाल आमालाई नै नङ्ग्याएर, की १७ हजार निर्दोष नेपाली मारेर ल्याएको यो कुराको कुनै न मतलब छ न लेखाजोखा। हामी नेपाली, हामी नेपाली, हाम्रो देश नेपाल, हाम्रो मातृभूमि नेपाल, प्यारो नेपाल, सुन्दर नेपाल, देखाउने र भ्mुठो नारा लगाएको हुन्छ। तर आफ्नै बुढाले नेपाललाई बेचेको छ, नङ्ग्याएको छ, अरु विदेशी दलालको हातमा केही कागजका नोटसँग साटेको छ। कहिले एमसिसिको नाममा, कर्णाली, कोसी, कहिले सन्धीको नाममा कहिले भारतसँग त कहिले चीनसँग बेचेको छ। यस्ता घटना बेला कहाँ हुन्छ राष्ट्रप्रेम, कहाँ हुन्छ, नेपालीपनको भावना कहाँ हुन्छ ? नेपाली स्वर ? नेपाल बेचेर अधिकाश सत्ताधारीहरुले बुढी र छोरीलाई रवाफ देखाएको छ। नेपाल आमालाई नङ्ग्याएर आफू रेसमी, सिल्की फरिया लगाएर देशभक्तिको नाटक गर्ने ती स्वर्गकी परीहरुसँग, ती नेपाली भन्ने मुखौटाधारी नारीहरुसँग मेरो प्रश्न छ, जब तिमीहरुको श्रीमान नेपाललाई विदेशी दलालसँग साटेर महलमा गलैचामा बसाउँछ। के त्यो बेला एक पटक पनि सोच्छौँ तिमीहरु ? ३० हजार, ४० हजारको जागिर भएको कर्मचारीहरु कसरी वर्षे पिच्छे सहरमा घर, गाडि, नोकरचाकर जोडन पुग्छ। ढिढो र सिस्नु खाने फाइफ स्टार होटेलको सुखसुविधा र अमेरिका पेरिसको डिनर हुन्छ ? कसरी आईहाल्छ यति परिर्वतन ? लाज हुनु पर्छ एक मुखले नेपाली भनेको हुन्छ र अर्को हातले नेपाललाई लुच्छेको हुन्छ। यता जनतालाई मार्ने, हक नदिने तर आफु चाँहि सत्ताधारी भएर खुब लुट मचाउने, राष्ट्रभक्तको नाममा आफ्नो खल्ती भर्ने ! यहि हो नेपालीपन र देशभक्ति ? आफू एक महिला भएर अर्को मातातुल्य राष्ट्रमातालाई लुटने विदेशीको हातमा बेच्ने, विदेशी डलरसँग साटने ! ठिकै भन्छ एउटा महिलाको दुश्मन अर्को महिला नै हुन्छ। यहाँ नेपाली महिला र नेपाल राष्ट्रलाई हेर्दा पुर्खाले भनेका कुरा सत्य भएका छ। आफ्ना सुख र भोग विलासमा आफ्ना राष्ट्रमातालाई नै नेपाली महिलाले नै सखाप पार्ने भएको छ। एउटा महिलाको इज्जत उतारेर अर्की महिला प्रतिष्ठत र सम्मानित भएकी छ। वाह ! रे हाम्रो नेपाल र नेपाली महिला। त्यो हरेक महिलासँग मेरो प्रश्न छ, एक चोटि आफू भित्र र आफूलाई तलदेखि माथिसम्म निहार, कति निर्दोष जनताको खुनबाट लतपतिएको छ तिम्रो जिउ। नेपालको रगतले पोतिएको छ। तिम्रो जिउ कति पाप बोकेपछि पवित्र बनी पशुपतिनाथको सामु भक्त बनि शिर भ्mुकाउछौँ। दुर्भाग्य छ महिला भएकोमा र नेपाली भएकोमा।

एउटा प्रश्नको उतर जान्ने मेरो ठूलो जिज्ञासा छ नेपाली महिलाहरुसँग, छिमेकी राष्ट्र भारत मित्रराष्ट्र हुदाँहुदै पनि दुश्मन भन्ने गरेका हुन्छ। जुन देशबाट बेटी, संस्कृति, लगायत हजारौं नेपालीको रोजगारीदेखि भान्सा चलेको छ, त्यो राष्ट्रसँग दुश्मनी, घृणा, गाली, यहाँसम्म की भारत सिमाना क्षेत्रका जनतासँग पनि घृणा र गाली, आतङ्कवादीसम्म भन्ने, भ्mन मधेशीलाई त हेर्न नसक्ने। मधेशीलाई भारतीय, बिहारी, भैया, गवार मान्ने तर त्यही भारतसँग भित्र-भित्र वा देखाएरै अनुदानको नाममा, सहयोगका नाममा, भूकम्पको नाममा, बाढीको नाममा जस्ता अनेकौ कारण देखाएर आफ्नो पेट र बैकमा पैसा खन्याएको हुन्छ। यो कस्तो नाटक ! बाहिर मुखमा गाली भित्र चाहीँ वाह ! वाह ! ताली। त्यही भारतको अनुदान लिएर आफ्नो बैकदेखि भान्सासम्म तताएको तर बाहिर गाली गर्दै हिडने। यो कस्तो राष्ट्रियता र देशभकि हो ? बुढा भारतको चम्चागीरी गरी करोडौँ घरमा भित्रयाउने, बाहिर महिलाहरु घोक्रो राष्ट्रियताको बाजा बजाउने। अब यो नाटक बन्द गर। असल नेपाली नागरिक बनौँ। आफ्नो राष्ट्रलाई मुख देखाउने बनौँ। काम यस्तो गरौँ कि आउने सन्तति गर्व गरोस्।

*मधेश दर्पण फिचर सेवा*

# गैँडाको प्राकृतिक मृत्युदर बढेपछि अध्ययन गरिँदै

चितवन, २३ असोज (रासस)।

चितवन राष्ट्रिय निकुञ्जमा प्राकृतिक कारणले गैँडा मर्न थालेपछि यसको अध्ययन गरिने भएको छ। प्राकृतिक मृत्युदर उच्च हुँदै गएपछि मुत्युदर घटाउन निकुञ्जले अध्ययन गर्न लागेको हो।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत अणनाथ बरालका अनुसार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक प्रेमनारायण कँडेलको निर्देशनपछि राष्ट्रिय प्रकृति संरक्षण कोषसँग समन्वय गरेर अध्ययन गर्न लागिएको हो। विज्ञलाई अध्ययनमा सहभागी गराइने छ। निकुञ्जको पश्चिमी क्षेत्रमा बढी गैँडा मरेपछि अध्ययन त्यस क्षेत्रमा केन्द्रित हुनेछ।

उहाँका अनुसार प्राकृतिक कारणले गैँडा मर्ने क्रम बढेपछि न्यूनीकरणका लागि गर्न सकिने उपायको खोजी गरिने छ। कहिलेदेखि अध्ययन थाल्ने भन्ने विषयमा छलफल भइरहेको उहाँले जानकारी दिनुभयो। गत दुई महिना नपुग्दै चोरी शिकारीबाट एउटा र प्राकृतिक कारणबाट सात वटा गैँडा मरेपछि निकुञ्जले अध्ययन गर्न लागेको हो। अघिल्लो आर्थिक वर्षमा पनि ४३ वटा गैँडा प्राकृतिक कारणले मरेका थिए भने गत आवमा यो सङ्ख्या २६ रहेको थियो।

मुख्यरुपमा गैँडा बाढीले बगाएर, दलदलमा फसेर, एक अर्कोसँग जुधेर मर्ने गरेका छन्। बाढीले बगाएका गैँडाको फोक्सोमा पानी जमेको भेटिने गरेको छ। नदी किनारका मानव निर्मित तटबन्ध पनि बाँधक बन्ने गरेको छन्। नदीले बगाएका गैँडा तटबन्धका कारण सबै ठाउँबाट सहज नदी बाहिर आउन नसक्दा समस्या हुने गरेको उहाँले बताउनुभयो। विभागले यसअघि पनि गैँडाको प्राकृतिक मृत्युदरबारे अध्ययन गरेको थियो।

निकुञ्जका सूचना अधिकारी अशोक रामका अनुसार चालु आवको साउन २७ गतेदेखि असोज २१ गतेसम्मको अवधिमा सात गैँडा प्राकृतिक कारणले र एउटा गैँडा तस्करले मारेका छन्। उहाँका अनुसार साउन २७ गते राप्ती नदी किनारको अन्द्रौलीघाटमा २० वर्षको पोथी गैँडा मृत फेला परेको थियो। उक्त गैँडा भालेको आक्रमणबाट मृत्यु भएको हो। भदौ ६ गते राप्ती किनारको जोतुवाघाटमा दलदलमा फसेर सात वर्षको पोथीको मृत्यु भएको थियो।

यस्तै भदौ २१ गते बाँदरझुला टापुमा २५-३० वर्षको भाले गैँडा तस्करले मारेका छन्। उक्त गैँडाको टाउकोमा हतियारले प्रहार गरेको घाउ देखिएको थियो तर खाग, खुर भने सुरक्षित रहेका थिए। असोज १६ गते टापु क्षेत्रको सेरावा घोलमा कुहिएको अवस्थामा वृद्ध गैँडा मृत फेला परेको छ। उक्त गैँडाको लिङ्ग र उमेरसमेत पहिचान हुन नसकेको

*बाँकी तीन पृष्ठमा*

# सङ्क्रमण समुदायमा फैलिएको बारे अध्ययन शुरु

काठमाडौँ २३ असोज (रासस)।

सरकारले कोभिड- १९ को सङ्क्रमण समुदायस्तरमा फैलिएको बारेमा ‘एन्टिबडी’ परीक्षण गर्न थालेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले विश्व स्वास्थ्य सङ्गठनको सहयोगमा एन्टिबडी परीक्षणका लागि विज्ञसहितको प्राविधिक टोली शुक्रबारदेखि सातवटै प्रदेशमा खटाएको छ। काठमाडौँमा तालीमपश्चात टोलीलाई शुक्रबार प्रदेश खटाइएको हो।

महाशाखाका निर्देशक डा वासुदेव पाण्डेले कोभिड-१९ को सङ्क्रमण समुदायस्तरमा फैलिएको छ वा छैन भन्ने अध्ययन गर्न टोली परिचालन गरिएको बताउनुभयो। अध्ययनबाट नेपालमा समुदायस्तरमा सङ्क्रमण फैलिएका छ वा छैन र फैलिएको रहेछ भन्ने कुन तहमा रहेको छ भन्ने पनि पत्ता लगाउने उहाँले जानकारी दिनुभयो।

एन्टिबडी परीक्षणका लागि समुदायमा ‘सेरो प्रिभिलेन्स’ अध्ययन गरिने छ। टोली शुक्रबार सम्बन्धित स्थानीय तहमा पुगेर शनिबार स्थानीय प्राविधिकसँग तालीमपश्चात आइतबारबाट रगतको नमूना सङ्कलन गर्नेछ। नेपाल अहिले सङ्क्रमणको दोस्रो चरणमा रहेको छ। सङ्क्रमित भएको व्यक्तिबाट अर्को व्यक्तिमा सङ्क्रमण सर्नुलाई दोस्रो चरण मानिन्छ। गत चैतमा विदेशबाट कैलाली घरमा आएका एक जनामा व्यक्तिबाट घरमै रहेका अर्को स्थानीय व्यक्तिमा सङ्क्रमण सरेपछि मन्त्रालयले नेपालमा दोस्रो चरणमा प्रवेश गरेको घोषणा गरेको थियो। सङ्क्रमणको तेस्रो चरण भनेको समुदायमा सङ्क्रमण फैलिएको भन्ने हुन्छ तर नेपालमा कुनै खासखास ठाउँमा (क्लस्टर) मा सङ्क्रमण फैलिएको मन्त्रालयले जनाएको छ।

“नेपालमा अहिले केही जिल्लाका खासखास ठाउँमा ( क्लस्टर)मा सङ्क्रमण फैलिएको छ”, उहाँले भन्नुभयो, “अब समुदायको कुन तहसम्म फैलिएको छ भन्ने त अध्ययनबाट थाहा हुन्छ।” गत माघ १० गते नेपालमा पहिलो पटक सङ्क्रमण देखिएको थियो।

अहिलेसम्म नेपालमा ९८ हजार ६१७ जनामा सङ्क्रमण देखिएको छ। यस्तै ७१ हजार ३४३ जना सङ्क्रमणबाट निको भएको, ५९० जनाको निधन र २६ हजार ६८४ जना सक्रिय सङ्क्रमित रहेका छन्।

यस्तै अहिलेसम्म २३५ जना आइसियु र ४२ जना भेन्टिलेटरमा उपचार गराइरहेका छन्। महाशाखाले एन्टिबडी परीक्षणका लागि प्रत्येक प्रदेशमा छ समूह परिचालन गरेको छ। ती समूहले बच्चा, वृद्धा, महिला, युवालगायत विभिन्न उमेर तथा समूहका ट्राभल हिस्ट्री भएका र नभएका मानिसको रगत सङ्कलनबाट एन्टिबडी परीक्षण गर्ने छन्।

यस्तै सङ्क्रमित भएका र नभएकाको पनि एन्टिबडी परीक्षण गर्नेछ। महाशाखाका जनस्वास्थ्य अधिकृत रामकुमार महतोले प्रत्येक प्रदेशका ३० वडामा रहेका मानिसको रगत नमूना परीक्षण गरिने बताउनुभयो। उहाँका अनुसार एक वडामा १५ जनाको दरले नमूना परीक्षण गरिने छ।

यसरी प्रत्येक प्रदेशमा ४५० जनाको दरले तीन हजार १५० जनाको नमूना सकलन गरी परीक्षण गरिने छ। उहाँले दशैँ अगाडि सबै नमूना सङ्कलन गरेर नमूना राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण गरिने बताउनुभयो। कोभिड-१९ को सङ्क्रमण सबै समूहका मानिसमा देखिरहेको र ट्राभल हिस्ट्रीमा नदेखिएका व्यक्तिमा पनि सङ्क्रमण देखिन थालेपछि मन्त्रालयले समुदायस्तरमा सङ्क्रमण फैलिएको भन्नेबारेमा अध्ययन शुरु गरेको हो।

अध्ययनका क्रममा जति प्रतिशतलाई सङ्क्रमण देखियो त्यतिप्रतिशत नै नेपालमा सङ्क्रमण फैलिएको भन्ने अनुमान गर्न सकिने महाशाखाका जनस्वास्थ्य अधिकृत महतोले जानकारी दिनुभयो। “सङ्क्रमणको सूचक हेर्दा अहिले समुदायस्तरमा नै हो कि भन्ने देखाउँछ”, महाशाखाका निर्देशक डा पाण्डेले भन्नुभयो, “तर अब अध्ययन गरेपछि मात्र समुदायमा सङ्क्रमण छ वा छैन भन्ने पुष्टि गर्दछ।”

# मुख्यमन्त्री राउतद्वारा दृष्टि विशेषज्ञ साहलाई बधाई

जनकपुर, २३ असोज (रासस)।

मुख्यमन्त्री लालबावु राउतले अन्तर्राष्ट्रियस्तरको ‘आई हिरो अवार्ड’ बाट सम्मानित हुनुभएकोमा दृष्टि विशेषज्ञ दीपककुमार साहलाई हार्दिक बधाई ज्ञापन गर्नुभएको छ।

“तपाईं र तपाईंजस्ता दृष्टि विशेषज्ञको योगदानको चिरकालसम्म स्मरण हुनेछ”, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा बिहीबार जारी गरेको बधाई सन्देशमा उल्लेख छ। मुख्यमन्त्री राउतले प्रदेश नं २ को महोत्तरी गाउँपालिका-६ गोरीगम्माका दृष्टि विशेषज्ञ साहको उत्तरोतर प्रगतिको समेत कामना गर्नुभएको छ।

‘द इन्टरनेशनल एजेन्सी फर द प्रिभेन्स ब्लाइन्डनेशन’ले आँखाको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने तीन विधा क्षेत्रमा प्रत्येक बर्ष प्रदान गर्दै आएको ‘आई हेल्थ हिरो अवार्ड’ अन्तर्गत साहलाई सो अवार्ड प्रदान गरिएको हो।

### *गैँडाको प्राकृतिक ...*

सूचना अधिकारी रामले जानकारी दिनुभयो।

यस्तै असोज १७ गते त्रिवेणीस्थित गण्डक नहरमा मृत गैँडा भेटिएको थियो। पैतीस वर्षको उक्त पोथी गैँडा नारायणी नदी पार गर्ने क्रममा नदीले बगाएको उहाँले जानकारी दिनुभयो।

यसैगरी असोज १९ गते एकै दिन दुई गैँडा मृत फेला परेका थिए। एउटा वयस्क पोथी वाल्मीकि गण्डक नहरमा खसेर मरेको थियो। उक्त गैँडालाई नारायणीले बगाएको अनुमान गरिएको छ। अर्को १०-१२ वर्षको भाले सौराहा क्षेत्रको वनकट्टा घाँसे मैदानमा सोही दिन मृत फेला परेको थियो। भिरालो जमिनमा लडेर उक्त गैँडा मरेको हो।

असोज २१ गते नारायणी नदी छेउको भेलौजी दलदलमा १५ वर्षको पोथी गैँडा मृत फेला परेको थियो। उक्त गैँडा नारायणी नदीले बगाएको हो। यस अवधिमा मरेका गैँडामध्ये चार वटा बाढीकै कारण मरेका हुन्।

### *कोरोनाको मार...*

उहाँले त्यस्ता वर्गलाई आय, सामाजिक सुरक्षा, रोजगारीसहिको सहयोग गर्नका लागि शीघ्र कार्य आवश्यक रहेको बताउनुभयो।

भौतिक पूर्वाधार र अनौपचारिक क्षेत्रको वित्तीय पहुँचलाई बढावा दिँदै द्रूतगतिमा पुर्नलाभ प्राप्त गर्न लगानीको वातावरणमा उल्लेख्य सुधार ल्याउनु आवश्यक रहेको उहाँको भनाइ छ। नेपालको अनौपचारिक व्यवसायमा करिब ५० प्रतिशत उद्यमहरु पर्ने र ती उद्यमहरुमध्ये अधिकांश श्रमजीविको कमाईको मुख्य स्रोत रहेको बैंकको ठहर छ।

बैंकले विपन्न तथा जोखिममा रहेका समुदायको संरक्षण गर्न, मानव स्रोत विकास गर्न, व्यवसायलाई सघाउन र आर्थिक क्रियाकलपालाई गति दिन १५ महिनासम्मका लागि १०० भन्दा धैरै देशमा अनुदान तथा सहुलियत पूर्ण ऋणका रुपमा एक अर्ब ६० करोड अमेरिकी डलर भन्दा बढी रकम प्रवाह गरिने प्रतिवद्धता जनाएको छ।


# राजविराज नगरपालिका
## ६ नं. वडा कार्यालय, राजविराज, सप्तरी
### राजविराज नगरपालिका वडा नं. ६ बाट जारि गरिएको सूचना

मिति : २०७७/६/२३

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. ६ बस्ने स्व. रामजी यादवको बुहारी स्व. शिवनारायण यादवको पत्नी मालादेवी यादवको निवेदन माँग हुन आएको हुँदा सो सम्बन्धमा निजको पति शिव नारायण यादवको नाउँमा तपसिल बमोजिम दर्ता कायम रहेको जग्गा मेरो पति शिवनारायण यादवको मिति २०७७/३/२७ मा मृत्यु भईसकेको हुँदा सो तपसिल बमोजिमको जग्गा निवेदिका मालादेवी यादवलाई श्री मालपोत कार्यालयको नाउँमा सिफारिस गरिदिएमा अरु कसैलाई हकदाबी, अंश रहेको भए सो आफूसँग भएको सबुत प्रमाण लिई यस वडाका वडा कार्यालयको समयमा ३५ दिन भित्र आई दिनदिनु होला अन्यथा कानुन बमोजिम भइ जाने छ।

**तपसिल**

| सि.नं. | जिल्ला | न.पा/गाविस | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | सप्तरी | बोरिया | १ | ४५५ | ०-०-१ |
| २. | सप्तरी | बोरिया | १ | ३७६ | ०-५-४.५ |
| ३. | सप्तरी | बोरिया | १ | ३७८ | ०-४-९ |
| ४. | सप्तरी | बोरिया | १ | ३८० | ०-०-५.५ |
| ५. | सप्तरी | बोरिया | ४ | ६०९ | ०-६-१.५ |
| ६. | सप्तरी | बोरिया | १ | ३८३ | ०-३-१७.५ |
| ७. | सप्तरी | बोरिया | १ | ३८५ | ०-१-१४.५ |
| ८. | सप्तरी | बोरिया | १ | ३८७ | ०-५-१९.५ |
| ९. | सप्तरी | बोरिया | २ | २६७ | ०-३-१८ |
| १०. | सप्तरी | बोरिया | २ | २८० | ०-१-७ |
| ११. | सप्तरी | बोरिया | १ | ४५६ | ०-०-४ |
| १२. | सप्तरी | बोरिया | २ | २६५ | ०-५-१२ |
| १३. | सप्तरी | बोरिया | २ | १०४१ | १-०-५.५ |
| १४. | सप्तरी | बोरिया | २ | २५९ | ०-१६-१२ |
| १५. | सप्तरी | बोरिया | १ | २४३ | ०-०-१५ |
| १६. | सप्तरी | बोरिया | २ | २१३३ | ०-१९-१५.२५ |
| १७. | सप्तरी | बोरिया | १ | १००६ | ०-३-५.५ |
| १८. | सप्तरी | बोरिया | १ | १००३ | ०-०-१८.५ |


## विश्व समाचार

# भारतका केन्द्रीय मन्त्री राम विलास पासवानको निधन

नयाँदिल्ली, २३ असोज (रासस/पिटिआई)।

भारतका केन्द्रीय मन्त्री राम विलास पासवानको बिहीबार निधन भएको छ। उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालय सम्हाल्दै आउनु भएका पासवान केही हप्ता अगाडिदेखि नै अस्पतालमा भर्ना हुनु भएको थियो। उहाँको मुटु सम्बन्धी शल्यक्रिया पनि गरिएको थियो। भारतको स्थानीय समय अनुसार बिहीबार बेलुका ६.५० मा उहाँले फोर्टिस इस्कोर्टस हर्ट इन्ष्टीच्युटमा संसार त्याग्नु भएको हो।

दलित समुदायका अति प्रभावशाली नेता मानिनु हुने ७४ वर्षीय पासवान लोक जनशक्ति पार्टीका संस्थापक समेत हुनुहुन्थ्यो। उहाँले झण्डै पाँच दशक लामो राजनीतिक तथा सामाजिक सेवाका क्रममा आफ्नो समुदायको अधिकार र संरक्षणका लागि आवाज उठाउँदै आउनु भएको थियो।

उहाँले सान् २००० मा स्थापना गर्नु भएको पार्टीको अहिले उहाँकै ३७ बर्षीय छोरा चिराग पासवानले नेतृत्व गर्नु भएको छ। आफ्ना पिताको निधन भएपछि छोरा चिरागले सामाजिक सञ्जाल ट्वीटरमा लेख्नु भएको छ, “बाबा तपाई अब हामीबीच रहनु भएन, भौतिक रुपमा नभए पनि तपाई हामीसँगै हुनु हुनेछ।”

उहाँको निधनप्रति देश विदेशबाट दुःख व्यक्त गर्दै धेरैले समवेदना प्रकट गरेका छन्। भारतीय राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरु, पार्टीका नेता, विदेशी नियोगका प्रतिनिधिलगायतले श्रद्धान्जलि व्यक्त गरेका छन्।

# लालु यादवलाई झारखण्ड अदालतले दियो जमानत

राँची, २३ असोज (रासस-एएनआई)।

बिहारका पूर्व मुख्यमन्त्री एवं भारतीय राजनीतिका चर्चित व्यक्तित्व लालु प्रसाद यादवलाई झारखण्ड उच्च अदालतले शुक्रबार एउटा मुद्दामा जमानत दिएको छ। चारा घोटालासँग सम्बन्धित एउटा मुद्दामा उहाँलाई जमानत दिएको अदालतले जनाएको छ।

बिहार विधान सभाको चुनावअघि यादवलाई एउटा मुद्दामा जमानत दिएसँगै बिहारको चुनावी राजनीति तरंगित बनेको छ। तर, यादवमाथि लागेको चारा घोटालासँग सम्बन्धित अर्को मुद्दा भने विचाराधीन अवस्थामै रहेकाले यादव जेलमै रहनु पर्नेछ। श्री यादव हाल स्वास्थ्य समस्या देखाउँदै महिनौंदेखि राजेन्द्र इन्स्टिच्यूट अफ मेडिकल साइन्सेजमा भर्ना हुनु भएको छ।

लालु यादव सन् २०१७ को डिसेम्बरदेखि जेलमा हुनुहुन्छ। उहाँले भारतीय फौजदारी संहिता बमोजिम सात वर्ष र चारा घोटाला सम्बन्धी अर्को मुद्दामा सात वर्षको जेल सजाय पाउनु भएको छ।

लालु यादव बिहारको मुख्यमन्त्री भएका बखत सन् १९९१ र १९९६ मा बिहारस्थित पशुपालन विभागको एक परियोजनाबाट गैरकानुनी तरिकाबाट तीन करोड ५० लाख भारतीय रुपैयाँ झिकेको यादवमाथि आरोप छ।

# ट्रम्प चुनावी र्‍यालीका लागि तयार, बाइडेनसँग बहसका लागि अनिच्छुक

वासिङ्टन, २३ असोज (रासस/एपी)।

अमेरिकी राष्ट्रपतीय बहसका लागि अनिच्छुक अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प चुनावी र्‍यालीका लागि भने तयार रहेको बताउनु भएको छ।

गत शुक्रबार कोरोनाभाइरसबाट सङ्क्रमित हुनुभएका ट्रम्पले एक हप्ता नहुँदै बिहीबार आफूलाई पूर्ण स्वास्थ्यलाभ भइसकेकाले र्‍यालीमा सहभागी हुन सक्षम रहेको दावी गर्नु भएको हो।
उहाँका चिकित्सकहरुले पनि राष्ट्रपति ट्रम्पको थेरापी सकिएको र उहाँको अवस्था धेरै राम्रो भइसकेको बताएका छन्।

अमेरिकामा कोरोना भाइरसका कारण अहिलेसम्म दुई लाख १० हजारभन्दा बढीको मृत्यु भइसकेको छ। अरु लाखौं व्यक्ति सङ्क्रमित भएका छन्। राष्ट्रपति ट्रम्प कोरोना भाइरसबाट सङ्क्रमित भएको पुष्टि भएपछि गत शुक्रबार अस्पताल जानु भएको थियो भने सोमबार निवास फर्किनु भएको थियो।

निवासबाटै पनि उहाँलाई उपचार गराइरहेका चिकित्सकहरुले राष्ट्रपति ट्रम्प अब सार्वजनिक कार्यक्रममा सहभागी हुन सक्ने बताएका छन्। उहाँका फिजिसियन सेन कोन्लीले शनिबारदेखि राष्ट्रपति ट्रम्प सार्वजनिक गतिविधिहरुमा सहभागी हुन सक्षम रहेको जानकारी दिनुभएको हो।

स्थानीय समयअनुसार बिहीबार राति फक्स न्युजलाई दिएको अन्तरवार्तामा उहाँले शनिबार फ्लोरिडामा हुने र्‍यालीमा आफू सहभागी हुन चाहेको बताउनु भएको थियो। टेलिफोनबाट गरिएको अन्तरवार्ताका क्रममा उहाँले आफू कुनै कुरामा पनि कमजोर र असक्षम छु जस्तो नलागेको जवाफ दिनुभएको थियो।

सोही अन्तरवार्तामा राष्ट्रपतिय बहसमा भने आफू सहभागी हुन नचाहेको उहाँले बताउनु भएको थियो। राष्ट्रपतीय बहस आयोगका अधिकारीहरुले यही अक्टोबर २२ तारिखका दिन दोस्रो बहस आयोजना गर्ने तयारी गरे पनि ट्रम्पले अनिच्छा देखाएपछि बहस अन्यौलमा परेको हो।

उहाँहरुका बीचमा पहिलो बहस अघिल्लो हप्ता भएको थियो। सो बहसमा ट्रम्पको प्रस्तुति राम्रो नभएको र अर्का प्रतिस्पर्धी बाइडेनले धेरैको मन जितेको चर्चा भइरहेका बेला ट्रम्पले बहसमा सहभागी नहुने निर्णय लिनु भएको हो। अमेरिकामा आगामी नोभेम्बर ३ तारिखका दिन हुने राष्ट्रपतीय निर्वाचनमा वर्तमान राष्ट्रपति ट्रम्प रिपब्लीकनको तर्फबाट र पूर्वउपराष्ट्रपति बाइडेन डेमोक्र्याटको तर्फबाट प्रतिस्पर्धा गर्न लाग्नु भएको छ।

त्यसैगरी उपराष्ट्रपतिमा ट्रम्पको साथमा वर्तमान उपराष्ट्रपति माइक पेन्स र बाइडेनको साथमा सिनेटर कमला ह्यारिस रहनु भएको छ। उहाँहरुका बीचमा पहिलो बहस बिहीबार भएको थियो।

# सप्तरीका थप एक संक्रमितको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २३ असोज ।**

सप्तरीका एक कोरोना संक्रमितको शुक्रबार उपचारका क्रममा काठमाडौंमा मृत्यु भएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार काठमाडौंस्थित काठमाडौं मेडिकल कलेजमा भर्ना रहेका रुपनी गाउँपालिका १ का ३३ वर्षिय पुरुषको शुक्रबार दिउँसो मृत्यु भएको हो ।

एक साताअघि स्वास्थ्यमा समस्या देखिएपछि आफन्तले उनलाई उपचारका लागि काठमाडौं लगेका थिए । पेशाले सबइन्जिनियर रहेका उनको पिसिआर परिक्षण गर्दा कोरोना पोजेटिभ पुष्टि भएको थियो ।

उनलाई आइसोलेशनमा राखी उपचार भइरहेकोमा शुक्रबार दिउँसो मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

# कोरोना संक्रमितको संख्या एक लाख नाघ्यो

काठमाडौँ, २३ असोज (रासस) ।

नेपालमा कोरोना भाइरसबाट सङ्क्रमित हुनेको सङ्ख्या एक लाख नाघेको छ । पछिल्लो २४ घण्टामा देशभर दुई हजार ५९ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । योसँगै नेपालमा कूल सङ्क्रमितको सङ्ख्या एक लाख ६७६ पुगेको छ ।

हाल देशभर २७ हजार ५३ जना सक्रिय सङ्क्रमित छन् । देशभर ११ हजार १७६ जना संस्थागत आइसोलेशनमा तथा १५ हजार ८७७ जना होम आइसोलेशनमा रहेका स्वास्थ्य मन्त्रालयमा शुक्रबार आयोजित नियमित पत्रकार सम्मेलनमा प्रवक्ता डा जागेश्वर गौतमले जानकारी दिनुभयो । पछिल्लो २४ घण्टामा १३ हजार २७९ जनाको पिसिआर परीक्षण गरिएको थियो । योसहित नेपालमा हालसम्म ११ लाख ४५ हजार २३७ जनाको पिसिआर परीक्षण गरिएको छ ।

हाल देशभर चार हजार ३०७ जना क्वारेन्टिनमा रहेका छन् । पछिल्लो २४ घण्टामा देशभर एक हजार ६८० सङ्क्रमित निको भएर घर फर्किएका छन् । योसँगै देशभर ७३ हजार २३ सङ्क्रमित निको भएर घर फर्किएका छन् । पछिल्लो २४ घण्टामा देशभरका विभिन्न प्रयोगशालामा १३ हजार २७९ जनाको पिसिआर परीक्षण गरिएको प्रवक्ता गौतमले बताउनुभयो ।

**उपत्यकामा थपिए एक हजार ४०९**

पछिल्लो २४ घण्टामा काठमाडौँ उपत्यकामा एक हजार ४०९ कोरोना सङ्क्रमित भेटिएका छन् । प्रवक्ता गौतमका अनुसार काठमाडौँमा एक हजार ११६, भक्तपुरमा १३० र ललितपुरमा १६३ सङ्क्रमित थपिएका छन् । योसँगै काठमाडौँ उपत्यकामा कोराना सङ्क्रमितको सङ्ख्या ३३ हजार ७७१ पुगेको छ ।

सङ्क्रमितको सङ्ख्या काठमाडौँमा ३० हजार ४९७, ललितपुरमा चार हजार १७४ तथा भक्तपुरमा तीन हजार ४९ पुगेको छ ।

**मृत्यु हुने ६०० पुग्यो**

नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या ६०० पुगेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा गौतमका अनुसार २४ घण्टामा नेपालमा कोरोनाबाट १० जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा नौ पुरुष र एक महिला छन् । झापामा २९ र ५२ वर्षीय पुरुष, सुनसरीमा ४६, ५२ र ६८ वर्षीय पुरुष, काठमाडौँमा ८७ वर्षीया महिला र ७१ वर्षीय पुरुष, ललितपुरमा ८४ वर्षीय पुरुष तथा रुपन्देहीमा ४७ र ८४ वर्षीय पुरुषको कोरोनाबाट ज्यान गएको मन्त्रालयले जनाएको छ ।

*सात लाख ...*

गई ट्याक्टरसहित ५० के.जि.को दरले ६० बोरामा प्याज नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

प्रहरीले नियन्त्रणमा लिएको ट्याक्टर तथा चालक हनुमाननगर कंकालनी नगरपालिका वडा नं. १४ बस्ने बर्ष २१ वर्षिय पप्पु कुमार यादव र प्याजलाई आवश्यक कारवाहीका लागि राजबिराज भन्सार कार्यालय तिलाठी पठाएको जनाएको छ ।

# तीन दिने बालभित्ते पत्रिका प्रकाशन सम्बन्धी तालिम सुरू



**दैनिक समाचारदाता**
**राजविराज, २३ असोज ।**

सप्तरीको छिन्नमस्ता गाउपालिका वडा ६ स्थित खोचाबखारीमा समाजिक दुरी कायम गरेर तीन दिने बाल भिते पत्रकारिता तालिम सुरू भएको छ ।

बालबालिकाले बाल क्लबका गतिबिधि गाउँघरका समस्या, बिकासका कार्य तथा आफ्ना प्रतिभालाई भित्तेपत्रिका मार्फत प्रभावकारी तरिकाले प्रकाशन गर्ने उद्देश्यले सो तालिमको सञ्चालन गरिएको हो ।

शुक्रवारदेखि सेभ द सप्तरीको आयोजनामा तथा सेभ द चिल्ड्रेनको सहयोगमा तीन दिने तालिमको आयोजना गरिएको हो ।

बालवालिकाहरूले तालिम प्रशिक्षणबाट समाचार लेख्न सक्ने, भित्रे पत्रिकाको मार्फत गाउँघरका समस्या तथा बिकृति, भष्ट्राचार, अन्धबिश्वासलाई समाचारको माध्यमले कम गर्ने सहयोग पुग्ने उ द्देश्यले तालिमको आयोजना गरिएको सेभ द सप्तरीका राजिव चौधरीले जानकारी दिएका छन ।

सो तालिमबाट बालबालिकाहरूको सीपमा बिकास हुने र नियमित बालभित्रे पत्रिका निर्माण गर्ने, साथै सार्वजनिक ठाउँमा टाग्ने छ ।

स्थानियहरूले बाल भित्रे पत्रिका पढेर सचेत र शिक्षित, तथा सही निर्णय लिन सकने क्षमताको बिकास हुने सेभ द सप्तरीका कार्यक्रम सुपरभाईजर राजिब चौधरीले बताए ।

२० जना सहभागिता रहेको तालिममा नेपाल पत्रकार महासंघ सप्तरीका सहसचिव चन्दनकुमार यादबले सहजिकरण गरिरहेका छन् ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**खडक नगर कार्यपालिकाको कार्यालय, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*